Tribhuvan University

2079

Bachelor Level **(4Yrs.)** / Education / II Year Roll No: ..........

भाषाविज्ञान र नेपाली भाषा (नेपा.शि. ४२२)

समूह "क" २०

सबै प्रश्नहरू अनिवार्य छन् । सर्वोपयुक्त उत्तरमा रेजा(√) चिन्ह लगाउनुहोस्।

१. भषाको विशेषता कुन हो?
   क. मानवीय स्वार्थपूर्ति भाषाको काम हो ।
   ख. विचार व्यक्त गर्न प्रयोग गरिने सबै उपाय भाषा हो ।
   ग. सामाजिक व्यवहारको मूर्त रूप भाषा हो ।
   ग. मानवले निकालेका सबै आवाज़ भाषा हो ।

२. भाषिक स्वरूप निर्धारण हुन सामाजिक सम्झौता आवश्यक हुन्छ भन्ने भनाइले के जनाउँछ ?
   क. ध्वनि प्रतीकको छनोट र प्रयोग ख. ध्वनि प्रतीकको निर्माण र प्रयोग
   ग. ध्वनि प्रतीकको निर्माण र विस्तार
   घ. ध्वनि प्रतीकको प्रयोग र स्वीकरण

३. भाषिक भेद देखा पर्ने प्रमुख कारण कुन हो?
   क. भाषाको इतिहास ख. चेतना स्तर
   ग. भौगोलिक दूरी घ. जनसङ्ख्या

४. भाषा विज्ञानको केन्द्रीय क्षेत्र कुन होइन ?
   क. ध्वनि ख. वर्ण ग. रूप घ. वाक्य

५. स्पर्शी, ओषठ्य, महाप्राण अघोष ध्वनि कुन हो ?
   क. प ख. फ ग. ब घ. भ

६. 'संसार' कति अक्षरी शब्द हो ?
   क. एक ख. दुई ग. तिन घ. चार

७. सुसमाचार शब्दमा कतिवटा रूप छन्?
   क. दुई ख. तिन ग. चार घ. पाँच

८. संरचना नहने तर अर्थ हुने रूपलाई के भनिन्छ?
   क. बद्ध रूप ख. रिक्त रूप ग. शून्य रूप घ. मुक्त रूप

९. संरूपको विशेषता कुन होइन ?
   क. रूपले दिने अर्थ नै दिन्छ
   ख. परिपूरक वितरण र मुक्त वितरणमा आउँछ ।
   ग. रूप र सरूप एउटै अभिव्यक्तिमा आउन सक्छन् ।
   घ. हरेक संरूपका अलग अलग अर्थ हुन्छन ।

क्रमश..

१०. सन्धिले जनाउने प्रक्रिया कुन हो ?
क. रूपध्वन्यात्मक
ख. व्युत्पादनात्मक
ग. रूपायनात्मक
घ. अनुकरणात्मक

११. वक्ता र श्रोताको संवाद सन्दर्भ कुन व्याकरणिक कोटिले जनाउँछ ?
क. लिङ्ग ख. पुरुष ग. आदर घ. वचन

१२. सकर्मक क्रियापद प्रयोग भएको वाक्य कुन हो?
क. म छिटो जान्छु ?
ख. म चिठी पढ्छु ।
ग. राम असल छ ।
घ. ऊ हाँस्छ ।

१३. आधारभूत वाक्यको विशेषता कुन हो?
क. आधारभूत वाक्यले सामान्यार्थ दिन्छ ।
ख. आधारभूत वाक्यले बहुवचन जनाउँछ ।
ग. आधारभूत वाक्यले आदर जनाउँछ ।
घ. आधारभूत वाक्यले नकारात्मक अर्थ दिन्छ ।

१४. 'रमिताले कलम र किताब किनिन्?
क. आधारभूत वाक्य
ख. मिश्रवाक्य
ग. संयुक्त वाक्य
घ. सरल वाक्य

१५. दीर्घ सन्धि कुन शब्दमा भएको छ?
क. देवेन्द्र ख. शिवालय ग. मतैक्य घ. गायक

१६. मुलायम, नरम, कमजोर, कोमल शब्दबीचको आर्थी सम्बन्ध कस्तो देखिन्छ?
क. पर्यायता
ख, अनेकार्थकता
ग. समरूपात्मकता
घ. समावेशात्मकता

१७. मैथिली भाषा संस्कृतको कुन प्राकृतबाट विकसित भएको हो?
क. महाराष्ट्री
ख. मागधी
ग. अर्धमागधी
घ. शौरसेनी

१८. नेपालको जनगणना २०६८ ले जम्मा नेपालमा बोलिने मातृभाषाको सङ्ख्या कति जनाएको छ?
क. ९२ ख. १२३ ग. १२८ घ. १३१

१९. हलन्त बहिष्कार आन्दोलनका प्रवर्तक को हुन्?
क. लेखनाथ पौड्याल
ख. राममणि आ.दी.
ग. मदनमणि दीक्षित
घ. भानुभक्त आचार्य

२०. शब्दारम्भको 'स' ध्वनि 'ह' ध्वनिमा परिणत हुने भाषिका कुन हो?
क. ओरपश्चिमा
ख. मझपश्चिमा
ग. माझाली
घ. परपश्चिमा

☐

| Tribhuvan University<br>2079 | |
|---|---|
| Bachelor Level **(4Yrs.)** / Education / II Year | |
| भाषाविज्ञान र नेपाली भाषा | Full Marks: 100 |
| (नेपा.शि. ४२२) | Time: 3 hrs. |

*Candidates are required to give their answers in their own words as far as practicable.*
*The figures in the margin indicate full marks.*

सबै प्रश्नहरू अनिवार्य छन् ।

समूह "ख" ८×७=५६

१. भाषाको परिचय दिई यसका विशेषता लेख्नुहोस् ।

२. भाषाको कथ्य र लेख्य भेदमा पाइने अन्तर देखाउनुहोस् ।

३. स्वरध्वनि वर्गीकरणका आधारमा नेपालीका स्वर वर्णको वर्गीकरण गर्नुहोस् ।

अथवा

रूप निर्धारणका आधारहरू उल्लेख गर्नुहोस् ।

४. द्वित्त्व भनेको के हो? यसका प्रकार उदाहरण सहित लेख्नुहोस् ।

५. कर्ता र कर्मलाई व्याकरणात्मक कार्यका आधारमा चिनाउनुहोस् ।

अथवा

निकट घटक विश्लेषणको परिचय दिनुहोस् ।

६. सकर्मक र अकर्मक क्रियालाई सोदाहरण चिनाउनुहोस् ।

७. अर्थविज्ञानले अध्ययन गर्ने क्षेत्र के के हुन्? प्रकाश पार्नुहोस् ।

अथवा

अर्थका प्रकार चिनाउनु होस् ।

८. प्रकरणार्थ विज्ञान भन्नाले के बुझिन्छ ? चर्चा गर्नुहोस् ।

क्रमश..

## समूह "ग" २×१२=२४

९. ध्वनि उच्चारण अवयवहरूको चित्र सहित संक्षिप्त परिचय दिनुहोस् ।

१०. नेपाली भाषाको उत्पत्तिका सम्बन्धमा देखिएका मतमतान्तरको विश्लेषण गर्नुहोस् ।

अथवा

नेपालमा बोलिने भारोपेली परिवारका भाषाहरूको चिनारी गराउनुहोस् ।

०